नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका
"ज्योतिष भविष्यवाणी"
खोजी-खोजी पढौं ।
पत्रिका पाइने ठाउँ
ज्योतिष भविष्यवाणी
(साप्ताहिक)
पोखरा-२, विन्ध्यवासिनी मन्दिर चोक।
मोबाइल नं.९८५६०२०९१४

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार
राष्ट्रिय साप्ताहिक
जि.प्र.मोरङ/कास्की द.नं.:११५/२०५५

# ज्योतिष भविष्यवाणी

वर्ष १८ अङ्क १३ २०७२ आषाढ २४ गते, विहीवार 2015 /July 9 मूल्य रू.१० ।-

तपाईं विश्वको जुनसुकै देशमा भए पनि नेपाल अधिराज्यको इतिहासमा पहिलो र एकमात्र अनलाइन ज्योतिष समाचारपत्र
www.jbweekly.com
लगअन गरी पढ्नुहोस्।
संस्थापक/प्रधान सम्पादक/प्रकाशक
ज्यो. डा.बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी
मोबाइल नं.९८५६०३०९१४

## अबको लडाई हिन्दूराष्ट्र नेपालको

❑डा. बलराम उपाध्याय रेग्मी

भौगोलिक दृष्टिकोणले विश्वमा नेपाल राष्ट्र सानो किन नहोस् तर विश्वमा एकमात्र हिन्दूराष्ट्र नेपालमात्र रहि आएको छ। विश्वमा हिमशिखर जति सुकै अग्ला होउन नेपालको सगरमाथालाई जित्ने कुनै हिमशृङ्खला छैन।

भगवानको नवौं अवतारको रुपमा गौतम बुद्ध नेपालको लुम्बिनी अञ्चल कपिलस्तुमा जन्मेकाले हामी नेपालीसँग रहेका यि विश्व विख्यात् तीन विशेषता रहि आएका छन्। राष्ट्रको इतिहासमा कहिल्यै हार्न नजानेको नेपाली नगारिकले जनआन्दोलन-२०६२ निरंकुशता विरुद्ध लडेका थिए, हिन्दूराष्ट्र फालेर सामान्य देशमा नेपाललाई दर्ता गर्न होइन तर नेपाली काँग्रेस, एमाले, एमाओवादी, मधेशी फोरम अथवा समस्त प्रजातन्त्रवादी, लोकतन्त्रवादीले संयुक्त रुपमा लडेर ल्याएको लोकतन्त्रमा पहिलो प्रहार राष्ट्रकैप्रति घात गर्नेमा केन्द्रित रहेको पछिल्लो घटनाले पुष्टि गरेको छ। वि.सं. २०६४ जेठ ४ गते र वि.सं. २०६५ जेठ १५ का निर्णयले व्यवस्थापिका संसदले हिन्दूराष्ट्रलाई समाप्त पार्ने घोषणा गऱ्यो। राष्ट्रियता, धर्म संस्कृति, व्यवस्थापिका संसदले फ्याक्न पाउने विषय होइनन्। पूर्व राजा ज्ञानेन्द्र शाहको शासन सत्ता समाप्ति एउटा पक्ष हो। राजाका साथ हिन्दूराष्ट्र सति जानुपर्ने अवस्था होइन। हिन्दूराष्ट्रलाई समाप्त पार्ने काम कुनै नेपालीको छोराले गर्छ भने बेलायत, अमेरिकाको डलर खाएकोलेमात्र गर्न सक्छ। माओवादीका नेता चाइनाका मातोत्सेतुङ हुन्, नेपालका माओवादीले चाइनाको भलो, नेपालको कुभलो चिताउनु स्वाभाविक हो। नेपालका माओवादीबाट हिन्दूराष्ट्र कायम हुने आशा कसैले गर्दैन, संसदीय व्यवस्थामा आएर धार्मिक फाइदा लिई रहेको एमाले र नेपाली काँग्रेस, रा.प्र.पा. नेपालका नेताहरुको उपस्थितिमा हिन्दूराष्ट्र समाप्त गरिनु लाजै मर्दो अवस्था हो। बेच्नेले चेलीबेटी पनि बेच्दै हिँडेका छन्। मानिसका किड्नी पनि बेच्दै हिडेका छन् तर ती फौजदारी कानूनको दृष्टिमा अपराधी हुन्। आम जनताले बहुमूल्य भोट दिई आफैले जिताएका कानून निमार्णको स्थानमा पुगेका सांसदहरुलाई हामी अपराधीको रुपमा कल्पना पनि गर्न सक्दैनौं तर राष्ट्रपति डा. रामवरण यादव, प्रधानमन्त्री सुशिल कोइराला, सभामुख शुवास नेम्वाडलगायत सम्पूर्णले २०६४ चैत २८ गतेका दिन चुनाव जिताई पठाएका सांसदमन्त्रीले जघन्य धार्मिक अपराध गरेकै हुन्। अपराधीहरुलाई कानूनी कारवाही गरि सुधारको लागि जेल हालिन्छ तर यि राष्ट्रको ढुकुटीको पैसा तलब खाएर जस्तो निर्णय पनि गर्नेलाई कानूनी कठ्घरामा उभ्यान जरुरी छ। संसदीय व्यवस्थालाई खसीको टाउको झुण्ड्याउने बगरेको दोकान भन्ने माओवादी संसदीय व्यवस्थामा आएको छ विगतको गल्ती सच्चाएर, एमाले पार्टी संसदीय व्यवस्थामा सफलतापूर्वक स्थापित पार्टी भएको छ, काँग्रेसले खुट्टो कमाउनु पर्ने अवस्था स्वदेश भित्र छैन युरोपियन युनियन क्रिश्चियन धर्मावलम्वीले जे राख, जे फाल भन्छन् त्यो नेपालको संविधान हुनै सक्दैन अझ इच्छा लागेमा आफ्नो धर्मबाट अलग रहन पाउने अधिकार विश्वको कुनै पनि मुलुकमा छैन भने नेपालको संविधानमा किन राख्नु पऱ्यो ? ८३% ज्यादा हिन्दु धर्मावलम्बी रहेको देशमा विश्वको एकमात्र हिन्दूराष्ट्रको व्यवस्था हटाएर अर्को धार्मिक युद्धबाट रक्तपात मच्चाउने विदेशी दलाल र विदेशीको षडयन्त्रलाई नेपालका सांसद मन्त्रीले बेलैमा बुझ्नु पर्दैन ? एकसय वर्ष लडे पनि नेपालका माओवादीले सत्ता खोसेर एकलौटी चाइना जस्तो कम्युनिष्ट राज्य नेपाललाई बनाउन नसक्ने भनि यसै पत्रिकामार्फत गरेको भविष्यवाणी सत्य सावित भै सकेको छ। जनआन्दोलन २/२०६२ पूर्ण सफल हुने भनि भविष्यवाणी गर्ने र जनआन्दोलनको मिति तोकेर दिने ज्योतिष भविष्यवाणीको अर्को राजनीतिक भविष्यवाणी फेरि सत्य सावित हुँदैछ, हिन्दूराष्ट्र कायम हुने। हालको व्यवस्थापिका संसदले विश्वको एकमात्र हिन्दूराष्ट्र कायम गर्दै धार्मिक स्वतन्त्रताको हकलाई मौलिक हकको रुपमा स्थापित गर्दै धर्मबाट अलग रहन पाउने नेपालको संविधान-२०७२ को धारा ३१ को व्यवस्थालाई अविलम्ब सच्याउने काम गरोस् होइन भने व्यवस्थापिका संसद्का सम्पूर्ण सांसद, मन्त्री, सभामुख, प्रधानमन्त्री, राष्ट्रपति, समस्त आम नेपाली हिन्दूराष्ट्र छाडी नागरिकसँग धर्म युद्ध लड्न तैयार रहनुहोस्। जित ज्योतिष भविष्यवाणी र हिन्दूराष्ट्र नेपालको हुनेछ। सम्पूर्ण हिन्दूराष्ट्र नेपाल पक्षधर नागरिकलाई आ-आफ्नो ठाउँबाट कडा संघर्षमा उत्रदै निम्न नाकाबन्दी तुरुन्तै लागू गर्न बांछनीय रहेको देखिन्छ।



१. नेपालका सम्पूर्ण २०७३ सालका पञ्चाङ्ग सम्पादन/प्रकाशन पञ्चाङ्गकारले बन्द गर्ने कसरी खान्छन् तलब ?

२. हालका व्यवस्थापिका सांसदका कुनै पनि पार्टीका सांसद् मन्त्री सबैका घर धार्मिक कार्यक्रम पूर्ण प्रतिबन्ध।

३. पशुपतिनाथमा सरकारी पशुपति विकास कोषका पदाधिकारीलाई प्रवेशमा पूर्ण प्रतिबन्ध।

४. सांसद/मन्त्रीबाट कुनै पनि कार्यक्रम उद्घाटन नगराउने।

५. सांसद/मन्त्रीसँग गाँसिएका एउटा पनि समाचार प्रकाशन नगर्ने।

६. धार्मिक चाडवाडमा सांसद मन्त्री र यिनीहरुका नातापर्ने कसै कहाँ पनि नजाने,।

७. सांसद/मन्त्री यिनका नाता पर्ने सबैसँग पानी बार्ने।

कार्यालय : ज्योतिष भविष्यवाणी (साप्ताहिक)

यहाँ ज्योतिष विषयसँग सम्बन्धित सम्पूर्ण सेवा दिइन्छ।

**भेट्ने समय:** बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म ।

**ठेगाना:** पोखरा-२, ज्योतिष भविष्यवाणीचोक, कास्की नेपाल

**सम्पर्क फोन:** ९८५६०२०९१४, ९८५६०३०९१४, ०६१-५४०३४७

**शाखा कार्यालयहरू**

१. बेनीबजार, म्याग्दी
२. महेन्द्रपथ, बाग्लुङ
३. शिवालयचोक, कुश्मा, पर्वत
४. फेदीखोला, स्याङ्जा
५. दुलेगौडा, बजार तनहुँ
६ वेशीशहर, लम्जुङ
७. गैंडाकोट, नवलपरासी
८. मल्लाज माझफाँट, पर्वत ।

## हामीले पनि विवाह गर्दा ज्योतिषीसँग जुराएका थियौं : शिव/पार्वती

❑वेदव्यास

हिमालयकी पुत्री पार्वतीले मलाई (शिवलाई) वरको रुपमा पाउँ भनि घोर तपस्या गरे पनि हामीले लभ म्यारिज गरेका होइनौं। मेरा ससुरा हिमालयले गुरु गर्गाचार्यसँग मेरो र पार्वतीको जन्मकुण्डली बनाउन लगाई विवाह गर्दा कुनै खराबी नहुने निर्णय दिए पछिमात्र विवाह गरेका थियौं।

मेरो पहिलो विवाह जो सतीदेवीसँग भएको थियो शिव र सतीदेवी दुवैको राक्षस गण र आद्य/आद्य नाडी परेकोले मैले भनेको नमानेर निमन्त्रण नै नगरिएको मेरा ससुरा दक्ष प्रजापतिको यज्ञमा हाम फालेर दुखद् निधन हुन गएको पछि ज्योतिषी ऋषिले विचार गर्दा नाडी लागेको विवाह भएकोले असफल रहेको रहस्य खुलेको थियो। हिमालयपुत्री पार्वतीसँगको विवाह पनि सतीदेवीसँगको जस्तो असफल नहोस् भनेर जन्मकुण्डली हेराई गरेका हौं।

(शिव महापुराण)

**जन्मकुण्डलीको महत्व**

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने याऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ।।

जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ,जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ।

# सम्पादकीय

## ज्योतिष चिकित्सकका बाह्र वर्ष

ज्योतिष वेदको छैटौं अङ्ग नेत्रको रुपमा रहेको वेद, पुराण, स्मृति, संहिता ग्रन्थ सबैमा उल्लेखित भएको पाइन्छ। सृष्टिको आदि ग्रन्थको रुपमा रहेको ऋग्वेद् कालिन समयमा उपचारको एकमात्र पद्धति 'मन्त्रोपचार' रहेको र दोस्रो जडीबुटीद्वारा तैयार गरिएको औषधि रहेको आयुर्वेदशास्त्र पुष्टि गर्दछ। अप्राकृतिक, अदृश्य शक्तिबाट पीडित व्यक्ति मन्त्रोपचारद्वारा ठीक गरिन्थे, भौतिक चोट दाग लागेकोलाई जडीबुडी पिसेर पिलाई लेप लगाइदिए रोगी ठीक हुन्थे। सम्पूर्ण वेदका वाक्य सबै मन्त्र हुन्। कुन रोगको उपचार कुन मन्त्रले हुन सक्छ ? सही जानकारी गुरुबाट लिएर यदि वैदिक उपचार गराउने हो भने आज पनि त्यत्तिकै कडा उपचार वैदिक मन्त्रोच्चारण पद्धतिबाट गराउन सकिन्छ।

जडीबुटीको आधारमा उपचार गरिने हाम्रो पूर्वीय पद्धति दोस्रोमा आयुर्वेद रहेको छ। आयुर्वेदको आधारमा गर्न सकिने उपचार धेरै छन् तर हाम्रो पूर्वीय रोग उपचार पद्धति आयुर्वेदमा अध्ययन अनुसन्धान प्राक्टिकल गर्नेको अभाव हुँदै गएपछि यो आयुर्वेद उपचार पद्धति ओझेलमा परेको जस्तो देखिन्छ। नेपालको स्याङ्जामा जन्म भै भारतको हरिद्वारलाई कर्म क्षेत्र बताउनु हुने आयुर्वेदाचार्य आयुर्वेद शिरोमणि बालकृष्णाचार्यको हातमा परेपछि पुन: आयुर्वेद चिकित्सा पद्धतिले यौवन अवस्था प्राप्त गर्न सफल भएको छ।

हाम्रो पूर्वीय चिकित्सा पद्धतिमा तन्त्र चिकित्सासमेत प्रचलनमा रहेको छ जसलाई तान्त्रिक उपचार पद्धतिको रुपमा हामी प्रत्येक व्यक्तिको जीवनमा प्रयोगमा आइरहेको देख्दछौं। जो व्यक्तिलाई आधुनिक मेडिकल औषधि उपचारले ठीक गर्न सक्दैन त्यस्ता दुर्लभ रोगी ठीक गर्ने काम तान्त्रिक वा तन्त्र चिकित्सक सफलता पूर्वक उपचार गर्दछ तन्त्र तथा मन्त्रको माध्यमबाट।

उपचारको चौथो पद्धति यन्त्र चिकित्सा पद्धतिसमेत रहेको छ। यसमा दुर्लभ जीवजन्तु, जडीबुटी मन्त्र, तन्त्र सबैको मिश्रित पद्धति अपनाइन्छ। माथि उल्लेखित चिकित्सा पद्धतिमध्ये अग्रिम रहेको छ, आधुनिक मेडिकल चिकित्सा जसले देख्न सकिने शरीरका सबै रोगको उपचार गर्दछ तर शरीरमा देख्न नसकिने अदृश्य रोगको उपचार गर्न सक्दैन। ज्योतिष विज्ञानमा रोग र उपचार दुवै रहेका छन्। ज्योतिषमा प्रचलित उपचारमध्ये ग्रह शान्ति पहिलो उपचार हो जो दुई प्रकारको छ।

१. वैदिक ग्रह शान्ति

२. तान्त्रिक ग्रह शान्ति

वैदिक ग्रह शान्तिमा नवग्रहको वैदिक मन्त्रले पूजा गरि वैदिक नवग्रहको मन्त्र जप गरिन्छ भने तान्त्रिक ग्रह शान्तिमा नवग्रहका तान्त्रिक मन्त्रले पूजा गरेर तान्त्रिक मन्त्रको नै जप गर्नु गराउनु पर्दछ। सूर्य, चन्द्र, मंगल, बुध, वृहस्पति, शुक्र, शनि, राहु, केतुका आ-आफ्ना तान्त्रिक र वैदिक मन्त्रहरु हुने गर्दछन्। वैदिक अथवा तान्त्रिक जुन मन्त्रले जप गराए पनि रोगी ठीक हुन्छन् तर जप शास्त्रमा तोके जति संख्यामा गराउन आवश्यक छ। तान्त्रिक मन्त्रले सूर्यको जप गराउँदा ७,०००, चन्द्रमाको ११,०००, मंगलको १०,०००, बुधको ९,०००, वृहस्पतिको १९,०००, शुक्रको १६०००, शनिको २३०००, राहुको १८००० जप पूरा पूर गराएमा शतप्रतिशत खराब समयमा पूरा सुधार हुन्छ तर जप पूरा भएन भने ग्रह शान्तिको फल आधा अर्थात् जति जप गराएको हो त्यति प्रतिशतमात्र ग्रहको जप गरेको फल पाइन्छ। आधुनिक नेपालका ज्योतिषीहरुले खराब ग्रहको औंठी, रत्न लगाउन दिने सुझाव एक प्रकार छ, जो ज्यादै महंगो छ, अर्को ग्रहशान्ति उपचार पद्धति छ विधि पुऱ्याएर गरे/गराए रोगीको रोगको पूर्ण उपचार हुन्छ, विधि नपुगेमा उपचार गरेर प्रत्यक्ष फल प्रमाण देख्न पाइदैन। खराब ग्रहको औंठीद्वारा उपचार भन्दा ग्रहको मन्त्र जप पद्धतिबाट म ज्योतिष उपचार गराउँदै आएको छु। ज्योतिषशास्त्रमा जुन ग्रहको तान्त्रिक मन्त्र जो छ त्यो ग्रहको लागि तोके जति जप त्यै ग्रहको बारका दिन जप गराएमा शतप्रतिशत सफल हुन्छ। विगत १२ वर्षदेखि लगातार ग्रह शान्ति पद्धतिबारे अनुसन्धान परीक्षण गर्दा शतप्रतिशत सत्य सावित भएकाले मेरो अनुभवमा ज्योतिष चिकित्सा पद्धतिमा सबैभन्दा भरपर्दो तान्त्रिक मन्त्र उपचार पद्धति सबै भन्दा वैज्ञानिक सावित भएको छ। प्रत्येक अस्पतालमा एक जना वरिष्ठ ज्योतिष भवियष्यवक्ताको पद सृजना गरी औषधि उपचार शुरु गर्नु भन्दा पहिला ज्योतिषीसँग परामर्श लिने, खराब ग्रहको उपचार गराएर पुन: अनुभवी तान्त्रिकसँग विचार गराई अन्तिममा मेडिकल औषधि चलाउने हो भने जो सुकै रोगीलाई शतप्रतिशत ठीक गर्न सकिन्छ। विगत १२ वर्षदेखि सयौं हजारौं रोगीको रोग उपचारपश्चात प्राप्त सफलताले वरिष्ठ ज्योतिष वैज्ञानिकको पद सृर्जना गरी जुनसुकै निकायले सेवा लिएमा कयौं गुणा ज्यादा सफलता प्राप्त गर्न सकिन्छ।

# विक्रम विश्वविद्यालयमा ज्योतिष पाठ्यक्रम

❑मधु रेग्मी

भारतको मध्य प्रदेश उज्जैनमा विक्रम विश्वविद्यालय रहेको छ। यहाँ आधुनिक तथा प्राचीन शिक्षा दुवैको पढाई हुन्छ। सन् २००० देखि ज्योतिष एम.ए.को पढाई हुँदै आइरहेकोमा हाल पी.जी. डिप्लोमा योग विषयको पनि पाठ्यक्रम सञ्चालित हुँदै आइरहेको छ।

यो विश्वविद्यालयमा एउटा ज्योतिष विभाग रहेको छ, जसलाई School of Studies in Jyotirvigyan भनिन्छ। अर्थात् ज्योतिष विभाग/यस विभागमा हाल विभागीय प्रमुख प्रोफेशर डा. केदारनारायण जोशी रहनु भएको छ भने ज्योतिष उप-प्राध्यापक पदमा डा. राजेश शास्त्री मुशलगांवकर। यो विश्वविद्यालयमा ज्योतिष एम.ए. प्रथम वर्षमा प्रवेश प्राप्त गर्नको लागि कम्तिमा कुनै पनि विषयमा स्नातक द्वितीय श्रेणीमा उत्तिर्ण भएको मार्कसिट्स, प्रोभिजनल, स्नातक उत्तिर्ण सर्टिफिकेट र प्रहरी रिपोर्ट-१ जसमा उल्लेख गरिएको होस् यो व्यक्ति कुनै फौजदारी क्रियाकलापमा संलग्न छैन। यस बाहेक आफूले स्नातक उत्तिर्ण गरेको विश्वविद्यालयको माइग्रेसन सर्टिफिकेट अनिवार्य साथमा लगेर जान आवश्यक छ। दुई वर्षमा पूरा गर्न सकिने ज्योतिष एम.ए. सेमेष्टर प्रणालीमा पढाई हुने गर्दछ। दुई वर्षमा पूरा हुने एम.ए. ज्योतिषमा चार सेमेष्टरमा पढाई पूरा हुन्छ। प्रथम सेमेष्टर ६ महिनाको हुन्छ भने ६x४=२४ महिनामा चार सेमेष्टरको पढाई पूरा गरेपछि अस्थायी मार्कससिट्स प्रमाण-पत्र प्राप्त हुन्छ। स्थायी प्रमाण-पत्र प्राप्त गर्न मुख्य दीक्षान्त समारोह पर्खनु पर्दछ।

पुरुष छात्रलाई सन् २०१२/१३ मा वार्षिक शुल्क रु २,०२८।- थियो भने कन्या छात्रलाई वाषिक शुल्क रु १,८४८।- भारु। नयाँ प्रवेश प्राय: प्रत्येक वर्षको जुलाईदेखि शुरु हुन्छ भने मे महिनामा परीक्षा समाप्त। प्रत्येक वर्ष जून महिनाको एक तारिखबाट एक महिना जति विदा हुने गर्दछ। यदि छात्रावास प्राप्त गर्न सकियो भने वार्षिक शुल्क रु ५,०००।- मा एक वर्ष छात्रवासमा बस्न सकिन्छ भने दुई वर्षे पाठ्यक्रको लागि करीब रु १५,०००।- भारु छात्रवास खर्च लाग्ने गर्दछ। मेसमा खाना खाने हो भने मासिक रु ५००।- मा खान मिल्दछ। बाहिर प्राइवेट कोठा लिएर बस्नु परेमा कोठाभाडा भारु ३,०००।- खानाको रु २,०००।- समेत भारु ५,०००।- मा अध्ययन गर्न सकिन्छ। यस प्रकार शुरुमा आवश्यक सामानलगायत सम्पूर्ण दुई वर्षे ज्योतिष एम.ए.को लागि करीब रु तीन लाख नेपालको कुनै राष्ट्रिय वाणिज्य बैंकमा बचत खाता खोलेर मास्टर भिसा कार्ड ए.टि.एम. लगेर गएमा रकम चोरीको समस्याबाट मुक्त भइन्छ। यस विक्रम विश्वविद्यालयका कुलपति प्रो.डा. टी.आर थपक हुनुहुन्छ भने यो विश्वविद्यालयमा ज्योतिष एम.ए.को जम्मा सिट ४० रहेको छ। विश्वविद्यालयद्वारा न्यूनतम् शुल्क तिरेर पढ्न पाइने ज्योतिष एम.ए.को सिट ४० रहेको छ भने थप अतिरिक्त शुल्क तिरेर कम्तिमा १०० जनासम्मले अध्ययन गर्न सक्ने सीट सीमा रहेको छ। सन् २०११ देखि सन् २०१४ मा यस विश्वविद्यालयबाट ज्योतिष एम.ए. प्रथम श्रेणीमा उत्तिर्ण गर्ने नेपालको पश्चिमाञ्चल विकास क्षेत्र धौलागिरी अञ्चल पर्वत खुर्कोट-४, हाल पोखरा-२ निवासी सन्तोष रेग्मी तथा कपिलवस्तु निवासी खेमराज पौडेल रहेका थिए। जागीर खाएर अवकाश प्राप्त जीवनमा तीर्थ व्रत गर्ने वेलामा यस विश्वविद्यालयमा आएर ज्योतिष एम.ए. अध्ययन गर्नेको उमेर १५ देखि ६५ वर्षसम्मका छात्र छात्रा रहेका छन्।

विश्वविद्यालयमा सिधा सम्पर्क प्रो. डा. टी आर थपक कुलपति, १४२४९१७३४२५१४२७०

कुल सचिव प्रो.डा. वी.एल. बङ्कर १४२४९१७३४२५१४२७७

# शैक्षिक क्षेत्रमा सरोकारवाला सबैको साझेदारी



**अधिवक्ता केशवप्रसाद पराजुली**

अहिलेको हाम्रो विद्यालयदेखि कै शिक्षाको अवस्थामाथि विचार गर्ने हो भने कहाली लाग्दा यथार्थ अगाडि आउँछन् । प्रवेशिका दिन लागेका विद्यार्थीहरुले सामान्य भाग पनि जान्दैनन् भन्ने आश्चर्यजनक समाचार सञ्चार माध्यमहरुमा छरपस्ट रुपमा आएकै हुन् । शिक्षा मन्त्रालयको अनुगमन, मूल्याङ्कन तथा निरीक्षण महाशाखाका प्रमुखसहितको टोलीले २०७१ साल पुसको पहिलो साता दाङ, सल्यान, पाल्पा, स्याङ्जा र कास्कीका सामुदायिक विद्यालयहरुको अनुगमन पछि निकालेको तथ्य हो यो । जनताले तिरेको करबाट बन्ने राज्यकोषको ठूलो हिस्साबाट तलब भत्ता अनि पेन्सन समेतका यावत् सुविधाहरु डकारेर विभिन्न राजनीतिक पार्टीहरुका झण्डा र झोला मात्रै बोक्दै हिंड्ने शिक्षकहरुलाई सरकारी संयन्त्रले नेपालका शिक्षक मानेको छ । निजी वा संस्थागत विद्यालयहरुमा घनघोटेर बन्चरो बनाउने शिक्षकहरुलाई त सरकारले शिक्षक समेत मानेको छैन-फगत कुनै कम्पनिको श्रमिक बाहेक ।

सामुदायिक विद्यालयका ९ र १० कक्षाका विद्यार्थीहरुले २१२ लाई २ ले भाग गर्दा १६ भनी निकालेको नतिजाले सरकारी शिक्षाको गुणस्तर कतिसम्म खस्किएको रहेछ भन्ने कुरालाई छर्लङ्ग देखाएको छ । धन्न शिक्षकहरुलाई यो प्रश्न सोधिएनछ ! विद्यार्थी र शिक्षकहरुको यस्तो कम्जोर शैक्षिक अवस्थाले नेपालको सामुदायिक विद्यालयहरुको सिकाइको स्तर त देखाएको नै छ साथसाथै सरकारी लगानी बालुवामा पानी सावित भएको छ । यस्ता विद्यालयहरुको अस्तव्यस्तता र हविगतकै कारण त्यहाँ विद्यार्थी संख्या निरन्तर ओरालो लागेको छ शून्यतिर । काठमाडौंमा मात्र शून्य विद्यार्थी भएका विद्यालयहरुको संख्या २१ हुनुले सामुदायिक विद्यालयहरुको दुरावस्थाको तस्बिर झल्किएको छ ।

एकातिर विद्यार्थी नभएर कक्षाकोठाहरु रित्तिँदै छन् भने अर्कोतिर यस्तै विद्यालयहरुमा सरकारलगायत विभिन्न विकासे संस्थाहरुलेसमेत विभिन्न सेवा सुविधाको खोलो बगाउँदै आएका छन् । यो भन्दा दण्डहिनताको पराकाष्टा के होला ? यस्तै विद्यालयहरुमा नयाँ शिक्षक भर्ती गर्ने कार्य अनेक रुपरङ्गका साथ अझ बढिरहेको छ । ललितपुर लामाटारस्थित ६६ जना विद्यार्थी र २२ जना शिक्षक भएको सिस्नेरी उच्च माध्यमिक विद्यालयमा जनशक्ति अपुग भन्दै यस वर्षमात्रै स्थायी दरवन्दीमा नयाँ शिक्षक पठाइयो भने १५ जना विद्यार्थी र ३ जना शिक्षक भएको गागलफेदी स्थित हर्ष नि.मा.वि.मा शिक्षा कार्यालयले थप दुई स्थायी शिक्षक पठाइदियो । यी त विसंगत विद्यालयहरुका केही उदाहरणमात्रै हुन् ।

सामुदायिक विद्यालयहरुमा शिक्षा नियमावलीले तोकेअनुसारको विद्यार्थी सङ्ख्या त छँदै छैनन्-शिक्षकको अनुपात पनि ज्यादै अमिल्दो छ । कतिपय शिक्षकहरु हप्तामा दश पिरियड पनि पढाउँदैनन् । शिक्षा नियमावली २०५९ मा सामुदायिक विद्यालयहरुको प्रत्येक कक्षामा विद्यार्थी संख्या उपत्यकाभित्र ५०, तराईमा ४५ र हिमाली क्षेत्रमा ४० जना न्युनतम हुनुपर्ने हो । विद्यार्थी कम भएको विद्यालयको शिक्षकलाई अर्को विद्यालयमा मिलान गर्ने जिम्मेवारी जिल्ला शिक्षा अधिकारीलाई दिए पनि व्यवहारमा भने यो विल्कुलै फरक छ । बरु जुन विद्यालयमा विद्यार्थी छैनन् त्यसैमा शिक्षक संख्या थप्ने काम भएको छ । शिक्षक विद्यार्थी अनुपात १:४० भन्ने नीति पनि सामुदायिक विद्यालयको हकमा कार्यान्वयन भएको छैन । अहिले औसत अनुपात १:२८ मात्रै छ ।

शिक्षा मन्त्रालय मातहतको शैक्षिक गुणस्तर परीक्षण केन्द्रले गरेको राष्ट्रिय उपलब्धि परीक्षण प्रतिवेदनले सामुदायिक विद्यालयको औसत उपलब्धि ४४ प्रतिशत देखाएको छ भने २०७१ सालको एसएलसी नतिजाअनुसार सामुदायिक विद्यालयहरुको उत्तीर्ण दर ३३.१८ प्रतिशतमै सीमित भएको देखिन्छ जबकी बोइलर विद्यार्थी उत्तीर्ण गर्ने भनेर होच्याइने निजी विद्यालयको उही मापदण्डमा उत्तीर्ण दर भने करिब ९० प्रतिशत छ । यसरी सामुदायिक विद्यालय गए गुज्रेको हुनुमा दोष केलाउन थाल्यो भने शिक्षक, विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, जिल्ला शिक्षा कार्यालय गर्दै सरकारसम्म मुछिन आउँछन् । अनि त गहुँत छर्केर चोखाए झैं क्लिन चिट बाँड्न सुरु भैहाल्छन् सबै ।

केही सामुदायिक विद्यालयहरु नमुना योग्य नभएका पनि होइनन् । जस्तै काठमाडौंका ज्ञानोदय, तरुण, तिलिङ्टार, भक्तपुरको बागेश्वरी र ललितपुरको आदर्श आदि । ती विद्यालयहरुका उत्कृष्ट प्रयोगहरुलाई अरु विद्यालयहरुले किन पछ्याउन चाहँदैनन् ? सरकारले केही विद्यालयहरुलाई मर्ज गर्ने नीति पनि ल्याएको छ तर त्यसमा पनि व्यापक धाँधली र पावर एक्सरसाइज भएको गुनासो सुनिएको छ । शिक्षा जस्तो पवित्र क्षेत्रमा सबभन्दा बढी भ्रष्टाचारका किस्साहरु छरपस्ट भएर बाहिर आएका छन् । समग्र शैक्षिक नीतिको समीक्षा गर्दै एउटा एकीकृत शिक्षा पद्धतिमा लामबद्ध भएर गुणस्तरीय शिक्षाको महायज्ञमा लाग्नुपर्ने आजको टड्कारो आवश्यकता पनि हो । अब सरकारी र निजी नभएर शैक्षिक संस्थाहरुलाई साझेदारी मोडलमा ढाल्नु उचित हुने देखिएको छ ।

विद्वानहरु भन्ने गर्छन् आफैंले आफ्नो बाटो पहिल्याई त्यस बाटोमा आफ्नो उचित गतिमा अगाडि बढ्नका निम्ति हरेक व्यक्तिमा खास दक्षताको जरुरत पर्छ । जबसम्म अरुप्रति आश्रित हुने प्रवृत्ति रहन्छ तबसम्म स्वच्छन्द र स्वतन्त्र जीवनयापनको क्षमता वा सीप अँकुरण हुनै सक्तैन । पराश्रित प्रवृत्तिकै कारण आज विश्वमा भौतिक दृष्टिकोणले सम्पन्नताको शिखरमा उभिएका मानिसहरु पनि भावनात्मक दृष्टिकोणमा दरिद्र देखिन्छन्, व्याकुल देखिन्छन्, विचलित देखिन्छन् ।

हामीले आफ्नै गाउँटोलको उन्नतीका बारेमा सोधखोज नगरे कस्ले गरिदिन्छ ? राम्रो ठाउँ, पद र प्रतिष्ठाका अनुभव गरेर पनि आफ्नै गाउँठाउँको उन्नति प्रगतिका निम्ति व्यक्तिगत स्वार्थको साँघुरो परिधिभन्दा माथि उठेर केही योगदान गरेनौं भने हाम्रो सोचाइ, दक्षता र सीपको के ईज्जत रह्यो त ? आफ्नै टोलछिमेकलाई नमूनाको रुपमा विकास गरेर गर्वको अनुभूति गर्ने अभियानमा हामीले आ-आफ्नो तहबाट यथासक्य पहल गर्नुपर्ने दायित्ववोधको मनोभावनामा आजकल खडेरी परिरहेको छ ।

खासगरी शिक्षा, पर्यावरण, व्यावसाय तथा पर्यटनको एउटा नमूना यो समाजका अगाडि स्थापित गर्नका लागि आवश्यक अध्ययन तथा अनुसन्धान लगायत सम्बन्धित गतिविधिहरुमा सकेसम्म स्थानीय वरिष्ठ वौद्धिक जनशक्तिहरुलाई सँगसँगै लैजाने मूल उद्देश्यले सर्वप्रथम एउटा सरोकार समिति नै गठन गरिनु बाञ्छनीय छ । शिक्षाको थलो गाउँ, विज्ञानको थलो उपविष्ट क्षेत्र, उद्योगको थलो विल्पायन क्षेत्र र धर्मको थलो नदी तट भन्ने हाम्रो प्राचीन मान्यतालाई अनुसरण गरी सीप, ज्ञान र अनुभवले खारिएका पोख्त अग्रजहरुले जोस र जाँगर भरिएका आजका युवालाई मार्गदर्शन गर्ने वातावरण बनाउने संकल्पसहित एउटा वृहत् परियोजना तय गरिनु पर्छ । हामीलाई थाहै छ नयाँमा धेरै ताकत हुन्छ तर पूरानोमा अनुभवरुपी दौलत (A new brush sweeps clean, but an old brush knows the corners.)

कुनैपनि गाउँटोलको आफ्नै पहिचान र गरिमा हुन्छ । त्यस्तो गरिमालाई अझ उँचो बनाई दीगो विकासको गुरुयोजना सहित यस भेकमा Public Private Partnership (or else) ढाँचाको एउटा शिक्षालय स्थापना गर्ने प्राथमिक लक्ष्य हुनु उत्तम हुन्छ । बदलिँदो नयाँ परिवेश र परिस्थितिमा सुहाउँदो विश्व नागरिक तयार गर्ने अन्तर्राष्ट्रियस्तरमा स्थापित मान्यता र आदर्शहरुको जीवन्त प्रयोगशालाका रुपमा त्यो संस्थालाई उभ्याउने हरसम्भव प्रयत्न गरिनु पर्छ । यसै सेरोफेरोमा वातावरण संरक्षण, स्थानीय बासिन्दाहरुको आयआर्जन, पेसा, व्यवसाय र प्रविधि, ग्रामीण पर्यटनलगायत धार्मिक, साँस्कृतिक, ऐतिहासिक सम्पदा र संस्कृतिको एकीकृत विकासका कार्यक्रमहरु सँगसँगै अघि बढाई उपलब्ध साधनस्रोतको अधिकतम सदुपयोगमा जुट्न एक अभियान थाल्न सम्बन्धित क्षेत्रका सबै नागरिकहरुको सहयोग र सद्भाव अनिवार्य रहन्छ ।

*visek@live.com लेखकः नोटरी अनुवादक तथा ब्रिटिस काउन्सिल स्कुल एम्बेसेडर हुनुहुन्छ ।*

# ज्योतिष भविष्यवाणी (साप्ताहिक) का वार्षिक सदस्यहरू

## (२०७० ।११ ।१९ देखि २०७१ ।१२ ।३० सम्म) म्यादसमाप्त भएकोले पुनः नविकरण तुरुन्त गर्नुहोला।

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क | रकम |
|---|---|---|---|---|
| १ | अमृता पौडेल | ढिकुरपोखरी-७, कास्की | ९८०२८१५०७० | ५५५/- |
| २ | रिता तिमल्सिना | ले.न.पा-४, कास्की | ९८४६०४८६५३ | ५५५/- |
| ३ | मिना गुरुङ | ले.न.पा-२, कास्की | ९८०६५४५६१३ | ५५५/- |
| ४ | विवेक सापकोटा | व्यास-५, दमौली | ९८४६०२६३६३ | ५५५/- |
| ५ | राजेन्द्र घिमिरे | व्यास-५, दमौली | ९८४६३१७२०६ | ५५५/- |
| ६ | बविना सापकोटा | व्यास-५, दमौली | ९८१७१२६७११ | ५५५/- |
| ७ | देवीलाल अर्याल | ले.न.पा, कास्की | | ५५५/- |
| ८ | शालग्राम सिलवाल | ले.न.पा. कास्की | | ५५५/- |
| ९ | गिमनाथ अर्याल | शिशुवा, कास्की | | ५५५/- |
| १० | प्रविना सुवेदी | पोखरा-२, मिरुवा | ९८०६६२५२३० | ५५५/- |
| ११ | खिमकुमारी गाहा | गेजा-९, पाल्पा | ९८४९२५७४४० | ५५५/- |
| १२ | कपिल ओझा | थुम्की-९, कास्की | ९८४६२९३२४८ | ५५५/- |
| १३ | लोकेन्द्र मल्ल | ठूलाडिही-२, स्याङ्जा | ९८४६६५८२२७ | ५५५/- |
| १४ | रामचन्द्र सापकोटा | भ.न.पा.-१३, चितवन | ९८४६४४८४३२ | ५५५/- |
| १५ | गंगाधर भट्टराई | बगर-१, पोखरा | | ५५५/- |
| १६ | चन्द्रमान गुरुङ | गण्डकी अस्पताल, पोखरा | ९८०६५७५९७४ | ५५५/- |
| १७ | कृष्णा कुमारी गुरुङ | गण्डकी अस्पताल, पोखरा | ९८४६००२४२४ | ५५५/- |
| १८ | राधा पुन | नदीपुर-३, पोखरा | ९८०४१५५६१९ | ५५५/- |
| १९ | होमप्रसाद सुवेदी | बाबियाँचौर-५, म्याग्दी | ९७४६७१२६७९ | ५५५/- |
| २० | प्रदिप काफ्ले | गण्डकी अस्पताल, पोखरा | ९८४३५००६५९ | ५५५/- |
| २१ | लक्ष्मी कुमारी पौडेल | पोखरा-१६, कास्की | ९८४६०३०६४२ | ५५५/- |
| २२ | शंकरबहादुर अधिकारी | पुरुन्चौर-७, कास्की | | ५५५/- |
| २३ | अजना थापा | पोखरा-११, कास्की | ९८४६१०२६८३ | ५५५/- |
| २४ | विमल थापा | पोखरा-११, कास्की | | ५५५/- |
| २५ | कमल थापा | पोखरा-११, कास्की | | ५५५/- |
| २६ | उर्मिला थापा | पोखरा-११, कास्की | | ५५५/- |
| २७ | राजसरुकर सिंह | मधेपुरा-३, सप्तरी | ९८५६०३२९९३ | ५५५/- |
| २८ | तुलसीराम कोहार | सूर्यपूरा, रुपन्देही | ९८०७५२००५८ | ५५५/- |
| २९ | सूर्यबहादुर घर्ती मगर | प्युठान, दाङ | ९८०९७६९१०३ | ५५५/- |
| ३० | कृष्ण रानाभाट | बिरौटा, पोखरा | ९८५६०३४८४८ | ५५५/- |
| ३१ | प्रकाश वाग्ले | लेकसाइड, पोखरा | | ५५५/- |
| ३२ | कवि ढुंगाना | सराङकोट-९, कास्की | ९८४६२६८४०७ | ५५५/- |
| ३३ | तिलक थापा | पैयुँपाटा, बाग्लुङ | ९८४६७३९४०७ | ५५५/- |
| ३४ | हरिहर शर्मा पौडेल | पाङ-६, पर्वत | ९८४७६२५१५३ | ५५५/- |
| ३५ | शुभाष भुसाल | शालिजा-३, पर्वत | ९८४७७४६१४३ | ५५५/- |
| ३६ | कृष्णप्रसाद धिताल | ले.न.पा-३, कास्की | ९८४६१३६५०९ | ५५५/- |
| ३७ | कोपिला थापा | बिरौटा-१७, पोखरा | ९८४६१९७९२७ | ५५५/- |
| ३८ | गोरे छन्त्याल | अमन-१, म्याग्दी | ९८०८५५६१७७ | ५५५/- |
| ३९ | इन्द्रकली छन्त्याल | अमन-१, म्याग्दी | ९८४७६५१७९४ | ५५५/- |
| ४० | गंगादेवी लामिछाने | ठूलीपोखरी-५, पर्वत | ९८४७६२५५२७ | ५५५/- |
| ४१ | बाबुराम लामिछाने | ठूलीपोखरी-५, पर्वत | ९८४७६२५५२७ | ५५५/- |
| ४२ | रमेश | हटिया, बाग्लुङ | ९८४७६६८६३३ | ५५५/- |
| ४३ | डिलबहादुर | हटिया, बाग्लुङ | ९८४७६६८६३३ | ५५५/- |
| ४४ | योगेश श्रेष्ठ पुन | पोखरा-३, कास्की | | ५५५/- |
| ४५ | कमला के.सी. | पोखरा-९, कास्की | ९८४६०४९६८९ | ५५५/- |
| ४६ | रामदेवी पुन | पोखरा-३, कास्की | ९८४६११९६१६ | ५५५/- |
| ४७ | अनिता गुरुङ | चिप्लेढुङ्गा, पोखरा | ९८४६०२४८७८ | ५५५/- |
| ४८ | रेहान गुरुङ | चिप्लेढुङ्गा, पोखरा | ०६१-५२३५८६ | ५५५/- |
| ४९ | रोविन गुरुङ | चिप्लेढुङ्गा, पोखरा | ०६१-५२३५८६ | ५५५/- |
| ५० | वीरेन्द्र अधिकारी | लाहाचोक-८, कास्की | ९८०६५१०८२२ | ५५५/- |
| ५१ | सूरज गुरुङ | जनप्रिय मार्ग-१०, पोखरा | ९८४६०३१८३४ | ५५५/- |
| ५२ | निश्चल गर्वुजा | घोडेपानी-१, म्याग्दी | ९८४६१८४७२१ | ५५५/- |
| ५३ | पार्वती शर्मा पौडेल | नाइलीवाङ-२, पर्वत | ९८४६१३७४९३ | ५५५/- |
| ५४ | सोनी गुरुङ | पोखरा-१५, कास्की | ९८०५८९०१२८ | ५५५/- |
| ५५ | सुदीप गहतराज | पोखरा-१, विन्ध्यवासिनी | ९८४६०२८६७६ | ५५५/- |
| ५६ | रमेशबहादुर भुजेल | गाछेपानी-३, दुलेगौडा | ९८५६०३२४७५ | ५५५/- |
| ५७ | डिल्लीराम भट्टराई | जिरोकिमी, पोखरा | ९८५६०३१७८० | ५५५/- |
| ५८ | शालिग्राम बाँस्तोला | अर्मला-५, कास्की | ९८४६४२१३३४ | ५५५/- |
| ५९ | कृष्णबहादुर श्रेष्ठ | कल्लेरी-५, धादिङ | | ५५५/- |
| ६० | वीरबहादुर पुन | पुलाचौर, म्याग्दी | ९८४७६३००२६ | ५५५/- |
| ६१ | लोकनाथ कोइराला | पुरानो बानेश्वर, काठमाडौ | ९८४१४३५००३ | ५५५/- |
| ६२ | रिना मण्डल | पुरानो बानेश्वर, काठमाडौ | ९८४१४३५००३ | ५५५/- |
| ६३ | शुक्रिया गुरुङ | पोखरा-२, मिरुवा | ९८०६६२६५३१ | ५५५/- |
| ६४ | हिरा गुरुङ | हाल यु.के. | ९८०८०९९१३७ | ५५५/- |
| ६५ | राजु के.सी. | भलाम-१, पोखरा | ९८४६०८४३१९ | ५५५/- |
| ६६ | हरि नारायण श्रेष्ठ | बुङकोट, देउराली, गोर्खा | ९८४६३४६५४६ | ५५५/- |
| ६७ | मनोज भुजेल | कालिका-५, कास्की | ९८०६६०१३७८ | ५५५/- |
| ६८ | अर्पण कोइराला | पोखरा-१२, माटेपानी | ९८५६०३४०४१ | ५५५/- |
| ६९ | अञ्जु श्रेष्ठ | रायपुर-३, तनहुँ | ९८१६१८५७१३ | ५५५/- |
| ७० | शंकर पौडेल | जैदी-१, बाग्लुङ | ९८४६३८२२१९ | ५५५/- |
| ७१ | अर्जुन लामिछाने | नवलपरासी-२ | ९८४४७३१३६१ | ५५५/- |
| ७२ | सक्षम के.सी. | भैरहवा | ९८०७५४७३२४ | ५५५/- |
| ७३ | मनिराज गुरुङ | पोखरा-२०, कास्की | ९८०५८४७२७४ | ५५५/- |
| ७४ | ज्ञानेन्द्रप्रसाद सुवेदी | ढिकुरपोखरी-१, कास्की | ९८४६५१६९२९ | ५५५/- |
| ७५ | सुनिल घले | पोखरा, कास्की | | ५५५/- |
| ७६ | प्रमिला पौडेल | पोखरा-१९, कास्की | ९८४६२६५२८३ | ५५५/- |
| ७७ | वर्णकिरण श्रेष्ठ | बगर-१, पोखरा | ९८४६०३८९६० | ५५५/- |
| ७८ | चन्दन के.सी. | बगर-१, पोखरा | ९८०४१५४८२६ | ५५५/- |
| ७९ | विष्णुमाया बाँस्तोला | अर्मला-६, कास्की | ९८४६७६७८८३ | ५५५/- |
| ८० | गणेशप्रसाद बाँस्तोला | अर्मला-६, कास्की | ९८४६७६७८८३ | ५५५/- |
| ८१ | भूवन बाँस्तोला | अर्मला-६, कास्की | ९८४६७६७८८३ | ५५५/- |
| ८२ | लक्ष्मी बाँस्तोला | अर्मला-६, कास्की | ९८४६७६७८८३ | ५५५/- |
| ८३ | तुलसीराम आचार्य | धाइरिङ-८, पर्वत | ९८४६४४८६८० | ५५५/- |
| ८४ | कमल थापा | व्यास-२, तनहुँ | ९८४६०९०२७५ | ५५५/- |
| ८५ | चन्दनजंग थापा | व्यास-२, तनहुँ | ९८४६०९०२७५ | ५५५/- |
| ८६ | कविन्द्र रेग्मी | पुरुन्चौर-७, कास्की | ९८५११४५५५८ | ५५५/- |
| ८७ | शिशिर रेग्मी | पुरुन्चौर-७, कास्की | ९८४६०५४७४२ | ५५५/- |
| ८८ | चन्द्रलाल बुढा | निशी-७, बाग्लुङ | | ५५५/- |
| ८९ | शेषरमण बराल | | ९८१९१५८०३८ | ५५५/- |
| ९० | राजु के.सी. | भलाम-१, कास्की | ९८४६७७९१९९ | ५५५/- |
| ९१ | युवराज पौडेल | विन्ध्यवासिनी-२, पोखरा | ९८५६०२९७६५ | ५५५/- |
| ९२ | सावित्री श्रेष्ठ | रायपुर-३, तनहुँ | ९८४६२९६३९३ | ५५५/- |
| ९३ | बबि क्षेत्री | कुर्घा-५, पर्वत | ९८४७७४९५८४ | ५५५/- |
| ९४ | राजु रिजाल | खैरेनीटार-९, तनहुँ | ९८४६१०२४९२ | ५५५/- |
| ९५ | कुलबहादुर के.सी. | तिलाहार-९, पर्वत | ९८४७६४७४१० | ५५५/- |
| ९६ | सोनिया खत्री | तिलाहार-९, पर्वत | ९८४६७७८८२९ | ५५५/- |
| ९७ | सूर्यप्रसाद लामिछाने | ले.न.पा-९, कास्की | ९८५६०६१२०० | ५५५/- |
| ९८ | दिनेश कुमार बौद्धाचार्य | मोहरिया टोल, पोखरा | ९८४६०२६८३४ | ५५५/- |
| ९९ | अप्सरा बराल | आर्वाबिजय-५, कास्की | ९८०५८२८८३१ | ५५५/- |
| १०० | ज्योति बराल | आर्वा साझा-२२, पोखरा | ९८४६७१७७९४ | ५५५/- |

# ज्योतिष भविष्यवाणी (साप्ताहिक) का वार्षिक सदस्यहरू

## (२०७० ।११ ।१९ देखि २०७१ ।१२ ।३० सम्म) म्यादसमाप्त भएकोले पुनः नविकरण तुरुन्त गर्नुहोला।

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क | रकम |
|---|---|---|---|---|
| १०१ | राजु जैसी चापागाई | शिवालय चोक-८, पोखरा | ९८५६०३९१४९ | ५५५/- |
| १०२ | वेदबहादुर विष्ट | पोखरा-७, कास्की | ९८४६०३१०२५ | ५५५/- |
| १०३ | गीता विष्ट | पोखरा-७, कास्की | ९८५६०३१०२५ | ५५५/- |
| १०४ | शिव चापागाई | कुसुमीसेरा-८, बाग्लुङ | ९८४७७८२६४६ | ५५५/- |
| १०५ | विकास गुरुङ | अर्मला-२८, कास्की | ९८१७१९४५१८ | ५५५/- |
| १०६ | कृष्ण गुरुङ | अर्मला-२८, कास्की | ९८१७१९४५१८ | ५५५/- |
| १०७ | रामप्रसाद गुरुङ | सार्दीखोला-९, कास्की | ९८२४१७१९१२ | ५५५/- |
| १०८ | मनोज गुरुङ | सार्दीखोला-९, कास्की | ९८२४१७१९१२ | ५५५/- |
| १०९ | मुना गुरुङ | सार्दीखोला-९, कास्की | ९८२४१७१९१२ | ५५५/- |
| ११० | सावित्री गुरुङ | अर्मला-२८, कास्की | ९८१७१९४५१८ | ५५५/- |
| १११ | अनुज गुरुङ | अर्मला-२८, कास्की | ९८१७१९४५१८ | ५५५/- |
| ११२ | विन्दु गुरुङ | अर्मला-२८, कास्की | ९८१७१९४५१८ | ५५५/- |
| ११३ | देवेन्द्र गुरुङ | घारीपाटन-७, कास्की | ०६१-४६६१४० | ५५५/- |
| ११४ | सागर गुरुङ | नयाँबजार-९, पोखरा | ९८४६१६०३३२ | ५५५/- |
| ११५ | कुलबहादुर राना | दीप-१६, पोखरा | ९८४६३४२२४३ | ५५५/- |
| ११६ | कुशल श्रेष्ठ | २२ जाँगर, तनहुँ | ९८४६१६५५२७ | ५५५/- |
| ११७ | सञ्जीव राना | दीप-१६, पोखरा | | ५५५/- |
| ११८ | कुलबहादुर राना | दीप-१६, पोखरा | ९८४६३४२२४३ | ५५५/- |
| ११९ | सुष्मा खड्का | चन्द्रगढी, झापा | ९८१६१५५६१६ | ५५५/- |
| १२० | उमा खड्का | सरस्वती टोल, विराटनगर | ९८६०८४२७९० | ५५५/- |
| १२१ | मेनका तिमिल्सिना | सराङकोट-५, कास्की | ९८४६६२३२६५ | ५५५/- |
| १२२ | रक्षा बराल | ले.न.पा. बुढीजार, कास्की | ९८४६३११९१६ | ५५५/- |
| १२३ | उमाकान्त सुवेदी | सेतीदोभान-२, स्याङ्जा | ९८४००१०२८३ | ५५५/- |
| १२४ | शान्ति वि.क. | जिरो कि.मी.पोखरा | ९८१६६५४७७५ | ५५५/- |
| १२५ | पूजा थापा | हेम्जा-२७, कास्की | | ५५५/- |
| १२६ | सोफिया अधिकारी | फेदीखोला-९, स्याङ्जा | | ५५५/- |
| १२७ | सतीश अधिकारी | फेदीखोला-९, स्याङ्जा | | ५५५/- |
| १२८ | सन्तोषकुमार गुरुङ | रामबजार, पोखरा | | ५५५/- |
| १२९ | हेमकला गुरुङ | रामबजार, पोखरा | | ५५५/- |
| १३० | सुशिल खत्री | माडी, चितवन | | ५५५/- |
| १३१ | हरिबहादुर थापा | काजीपोखरी, पोखरा | | ५५५/- |
| १३२ | मिनबहादुर के.सी. | नयाँपुल, कास्की | | ५५५/- |
| १३३ | सीता के.सी. | नयाँपुल, कास्की | | ५५५/- |
| १३४ | कृष्णबहादुर मल्ल | पोखरा-८, कास्की | ९८४६०८३९२९ | ५५५/- |
| १३५ | सुनिल सि.के. | पोखरा-८, कास्की | ९८४६१०७७७० | ५५५/- |
| १३६ | लक्ष्मी कोइराला | खिलुङ देउराली, स्याङ्जा | ९८४६७७७२६० | ५५५/- |
| १३७ | मोहन श्रेष्ठ | चापाकोट-१४, स्याङ्जा | ९८५६०३८३८० | ५५५/- |
| १३८ | ढालबहादुर किसन | कोइराला टोल, पोखरा | ९८४६०६१६३८ | ५५५/- |
| १३९ | सोना शेरचन | बिरौटा-१७, पोखरा | ९८४६५९३९७६ | ५५५/- |
| १४० | जगनमाया गुरुङ | लालिगुराँसटोल, पोखरा | | ५५५/- |
| १४१ | ज्ञानबहादुर गुरुङ | पोखरा-१२, कास्की | | ५५५/- |
| १४२ | सञ्जय गुरुङ | पोखरा-१२, कास्की | | ५५५/- |
| १४३ | विजय गुरुङ | पोखरा-१२, कास्की | | ५५५/- |
| १४४ | लक्ष्मी कोइराला | पोखरा-१०, कास्की | ९८४६४४६५३२ | ५५५/- |
| १४५ | वसन्त तामाङ | पोखरा-१, सिम्पानी | ९८४६६५१०३१ | ५५५/- |
| १४६ | रोशन तामाङ | पोखरा-१, सिम्पानी | ९८१६१६१६६५ | ५५५/- |
| १४७ | गंगा भुजेल | रिघा-९, बाग्लुङ | ९८५७६२२२४० | ५५५/- |
| १४८ | मनमाया भुजेल | गल्कोट, बाग्लुङ | ९८४७६२३४७९ | ५५५/- |
| १४९ | गंगाबहादुर भुजेल | | ९८५७६२२२४० | ५५५/- |
| १५० | मनबहादुर गुरुङ | लामाचौर-२, कास्की | ९८१६१५२८२९ | ५५५/- |

| क्र.सं. | नाम | ठेगाना | सम्पर्क | रकम |
|---|---|---|---|---|
| १५१ | सुनिल गुरुङ | | ०६१-५३८९०४ | ५५५/- |
| १५२ | कृष्ण अधिकारी | लेकसाइड-६, पोखरा | ९८४६४४३२१४ | ५५५/- |
| १५३ | समीक्षा अधिकारी | लेकसाइड-६, पोखरा | ९८४६४४३२१२ | ५५५/- |
| १५४ | सश्मिता सुनाम | दुलेगौंडा, तनहुँ | ९८१९१५६९१४ | ५५५/- |
| १५५ | नारायणप्रसाद तिवारी | हिमालीटोल-१७, पोखरा | ९८४६५६२५९७ | ५५५/- |
| १५६ | यमकुमारी तिवारी | हिमालीटोल-१७, पोखरा | ०६१-४६४४१२० | ५५५/- |
| १५७ | कुसुमराज जैसी | हिमालीटोल-१७, पोखरा | ९८४६३९८१२४ | ५५५/- |
| १५८ | सलिना थापा | ले.न.पा-५, कास्की | | ५५५/- |
| १५९ | रामबहादुर जि.सी. | इनारटारी-६, नुवाकोट | ९८१३६९६५४९ | ५५५/- |
| १६० | सन्देश थापा | ले.न.पा-५, कास्की | ९८१५११२२७१ | ५५५/- |
| १६१ | केशवबहादुर थापा | हेम्जा-२, कास्की | ९८४६०४५०६५ | ५५५/- |
| १६२ | शुभाष खत्री | ले.न.पा.-१२, ढुंगेपाटन | ९८१७१५७८५९ | ५५५/- |
| १६३ | मनकुमारी पुन | अर्चलबोट-२, पोखरा | ९८४६०२३८१४ | ५५५/- |
| १६४ | जीतबहादुर सुनार | बाग्लुङ बसपार्क | | ५५५/- |
| १६५ | विष्णु जि.टी. | किचनाश-८, स्याङ्जा | ९८०६५५३५३३ | ५५५/- |
| १६६ | राजु भुजेल | चिल्नेवास-१, स्याङ्जा | ९८०६५५३५३४ | ५५५/- |
| १६७ | इन्द्रप्रसाद सुवेदी | आरुखर्क-४, स्याङ्जा | ९८४६१३८३८९ | ५५५/- |
| १६८ | लक्ष्मी गिरी | शिवालयचोक, पोखरा | ९८४००१०१०० | ५५५/- |
| १६९ | राजेन्द्र वि.क. | ले.न.पा.-१६, कास्की | ९८५६०३५८८६ | ५५५/- |
| १७० | शिवजी पुन | पोखरा-५, कास्की | ९८४६३२३२३३ | ५५५/- |
| १७१ | सुजन ढकाल | फापरथुम, स्याङ्जा | ९८४६१३५०१६ | ५५५/- |
| १७२ | गीता रेग्मी पौडेल | भोर्लेटार, लमजुङ | | ५५५/- |

## सूचना ! सूचना !! सूचना !!!

विक्रम विश्वविद्यालय भारत मध्यप्रदेश उज्जैनबाट सेमेष्टर सिस्टममा परीक्षा दिई ज्योतिष एम.ए. को डिग्री प्राप्त हुनेगरी वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय (प्रस्ताविक) नेपालमा एम.ए. प्रथम वर्ष शैक्षिक सत्र वि.सं. २०७२ को भर्ना खुल्यो।

प्रवेश योग्यता: कुनै पनि विषयमा न्यूनतम स्नातक द्वितीय श्रेणीमा उत्तीर्ण।

भर्नाको अन्तिम मिति : वि.सं. २०७२/३/३० गतेसम्म

कक्षा प्रारम्भ हुने मिति : २०७२/४/१ गतेदेखि

संस्थापक/अध्यक्ष/संयोजक

**प्राध्यापक डा. बलराम उपाध्याय रेग्मी**

एम.ए.बी.एड. (अंग्रेजी), बी.एल. (कानुनशास्त्री), मेरठ वि.वि., त्रि.वि.वि.), एम.ए. एम.फिल. (ज्योतिष), पी.एच.डी. (ज्योतिष पत्रकारिता), कलकत्ता (९८५६०२०९१४)

संलग्नता: वैदिक ज्योतिष विज्ञान विश्वविद्यलाय (प्रस्ताविक), नेपाल

विभाग-१ : अंग्रेजी, कानून, पत्रकारिता, ज्योतिष

विभाग-२ : अनुसन्धान विभाग (भिजिटिङ)

सह-प्राध्यापक डा. माधवप्रसाद पाण्डेय (मो.९८५१००५९६३)
(व्याकरणाचार्य, ज्योतिषाचार्य, पी.एच.डी.) नेपाल संस्कृत विश्व विद्यालय, दाङ, नेपाल।

विभाग-३ : फलित ज्योतिष विभाग अध्यक्ष उप-प्राध्यापक सन्तोष रेग्मी (साहित्यशास्त्री/ज्योतिष एम.ए) (मो. ९८५६०३७८२३) विक्रम विश्वविद्यालय, भारत

उप-प्राध्यापक खेमराज पौडेल (मो. ९८४४७७९८६६), (साहित्य शास्त्री/ज्योतिष एम.ए.) विक्रम विश्वविद्यालय, भारत।

उप-प्राध्यापक केदारनाथ पौडेल (मो. ९८५७६२०९३४) (व्याकरणाचार्य, फलितज्योतिषाचार्य)

विभाग-४ : प्रोफेशनल ज्योतिष डिप्लोमा विभाग अध्यक्ष ज्यो. सीता रेग्मी, ज्योतिष डिप्लोमा/अन्तरार्ष्ट्रिय स्वर्णपदक विजेता, वरिष्ठ ज्योतिष प्रशिक्षक, पोखरा ज्योतिष महाविद्यालय (केन्द्रीय विद्यापीठ, नेपाल) मो. ९८४६२१८८१५

विश्वविद्यालय सूचना अधिकृत:

१. ज्यो, प्रदीप रेग्मी (ज्योतिष डिप्लोमा, साहित्यशास्त्री, प्रथम श्रेणी) सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय., वनारस, भारत, मो. १४२४९१७७५४८१२२९४/९८२४१३८५७८

२. ज्यो. मधु रेग्मी (ज्योतिष डिप्लोमा, व्याकरणशास्त्री, प्रथम श्रेणी), सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय., वनारस, भारत, मो. १४२४९१७७५४८१२२९३/९८१४१९३८५०

विभाग-५ : ज्यो. आनन्द रेग्मी, ज्योतिष डिप्लोमा, उत्तरमध्यमा (संस्कृत व्याकरण, प्रथम श्रेणी), पत्रकारिता/प्रकाशन विभाग, मो. १४२४९१७७५४८१२२९२/९८०५८६०९९८

कार्यालय सहायक: योग विभाग, सुनिता उपाध्याय रेग्मी, ९८५६५१७६३६
योग विभाग, निर्मला सुवेदी, ९८६८१७९१२१

ज्योतिष भविष्यवाणी (साप्ताहिक/ज्योतिष जागरण (मासिक)/विश्वविद्यालय बुलेटिन (मुखपत्रिका)
केन्द्रीय कार्यालय, फोन/फ्याक्स: ९७७-६१-५४०३४७
मो. ९८५६०२०९१४, ९८५६०३०९१४
इमेल: jbweekly2055@gmail.com, वेवसाइट: jbweekly.com

# दैनिक शुभ, लाभ, अमृत वेला

ज्यो. डा. बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| २०७२ आषाढ २४ गते बिहीवार, July 9, 2015 | बिहान ५:१६ बजेदेखि ६:४६ बजेसम्म शुभ, ६:४६ बजेदेखि ८:१६ बजेसम्म रोग, ८:१६ देखि ९:४६ बजेसम्म उद्वेग, ९:४६ बजेदेखि १०:२६ बजेसम्म चर, १०:२६ देखि १२:४६ सम्म लाभ, १२:४६ बजेदेखि २:१६ बजेसम्म अमृत, २:१६ बजेदेखि ३:४६ बजेसम्म काल, ३:४६ बजेदेखि ५:१६ बजेसम्म शुभ। |
| २०७२ आषाढ २५ गते शुक्रवार July 10, 2015 | बिहान ५:१६ बजेदेखि ६:४६ बजेसम्म चर, ६:४६ बजेदेखि ८:१६ बजेसम्म लाभ, ८:१६ देखि ९:४६ बजेसम्म अमृत, ९:४६ बजेदेखि १०:२६ बजेसम्म काल, १०:२६ देखि १२:४६ सम्म शुभ, १२:४६ बजेदेखि २:१६ बजेसम्म रोग, २:१६ बजेदेखि ३:४६ बजेसम्म उद्वेग, ३:४६ बजेदेखि ५:१६ बजेसम्म चर। |
| २०७२ आषाढ २६ गते शनिवार July 11, 2015 | बिहान ५:१७ बजेदेखि ६:४७ बजेसम्म काल, ६:४७ बजेदेखि ८:१७ बजेसम्म शुभ, ८:१७ देखि ०९:४७ बजेसम्म रोग, ०९:४७ बजेदेखि १०:२७ बजेसम्म उद्वेग, १०:२७ देखि १२:४७ सम्म चर, १२:४७ बजेदेखि २:१७ बजेसम्म लाभ, २:१७ बजेदेखि ३:४७ बजेसम्म अमृत, ३:४७ बजेदेखि ५:१७ बजेसम्म काल। |
| २०७२ आषाढ २७ गते आइतवार July 12, 2015 | बिहान ५:१८ बजेदेखि ६:४८ बजेसम्म उद्वेग, ६:४८ बजेदेखि ८:१८ बजेसम्म चर, ८:१८ देखि ०९:४८ बजेसम्म लाभ, ०९:४८ बजेदेखि १०:२८ बजेसम्म अमृत, १०:२८ देखि १२:४८ सम्म काल, १२:४८ बजेदेखि २:१८ बजेसम्म शुभ, २:१८ बजेदेखि ३:४८ बजेसम्म रोग, ३:४८ बजेदेखि ५:१८ बजेसम्म उद्वेग। |
| २०७२ आषाढ २८ गते सोमवार July 13, 2015 | बिहान ५:१८ बजेदेखि ६:४८ बजेसम्म अमृत, ६:४८ बजेदेखि ८:१८ बजेसम्म काल, ८:१८ देखि ०९:४८ बजेसम्म शुभ, ०९:४८ बजेदेखि १०:२८ बजेसम्म रोग, १०:२८ देखि १२:४८ सम्म उद्वेग, १२:४८ बजेदेखि २:१८ बजेसम्म चर, २:१८ बजेदेखि ३:४८ बजेसम्म लाभ, ३:४८ बजेदेखि ५:१८ बजेसम्म अमृत। |
| २०७२ आषाढ २९ गते मंगलवार July 14, 2015 | बिहान ५:१८ बजेदेखि ६:४८ बजेसम्म रोग, ६:४८ बजेदेखि ८:१८ बजेसम्म उद्वेग, ८:१८ देखि ९:४८ बजेसम्म चर, ०९:४८ बजेदेखि १०:२८ बजेसम्म लाभ, १०:२८ देखि १२:४८ सम्म अमृत, १२:४८ बजेदेखि २:१८ बजेसम्म काल, २:१८ बजेदेखि ३:१८ बजेसम्म शुभ, ३:४८ बजेदेखि ५:१८ बजेसम्म रोग। |
| २०७२ आषाढ ३० गते बुधवार July 15 | बिहान ५:१९ बजेदेखि ६:४९ बजेसम्म लाभ, ६:४९ बजेदेखि ८:१९ बजेसम्म अमृत, ८:१९ देखि ०९:४९ बजेसम्म काल, ०९:४९ बजेदेखि १०:२९ बजेसम्म शुभ, १०:२९ देखि १२:४९ सम्म रोग, १२:४९ बजेदेखि २:१९ बजेसम्म उद्वेग, २:१९ बजेदेखि ३:४९ बजेसम्म चर, ३:४९ बजेदेखि ५:१९ बजेसम्म लाभ। |

## साप्ताहिक शुभसाहित

ज्योतिषाचार्य : सन्तोष रेग्मी शास्त्री

| क्र.स. | गते/तारीख | शुभ साहित |
|---|---|---|
| १ | २०७२ आषाढ २४ गते विहीवार, July 9, 2015 | पश्चिम र उत्तर दिशाकोमात्रै यात्रा गर्नु शुभ हुनेछ। |
| २ | २०७२ आषाढ २५ गते शुक्रवार, July 10, 2015 | पूर्व र उत्तर दिशाकोमात्रै यात्रा गर्नु शुभ हुनेछ। |
| ३ | २०७२ आषाढ २६ गते शनिवार, July 11, 2015 | उत्तर दिशाकोमात्रै यात्रा गर्नु शुभ छ । |
| ४ | २०७२ आषाढ २७ गते आइतवार, July 12, 2015 | पूर्व र दक्षिण दिशाकोमात्रै यात्रा गर्नु शुभ छ । |
| ५ | २०७२ आषाढ २८ गते सोमवार, July 13, 2015 | दक्षिण दिशाकोमात्रै यात्रा गर्नु शुभ छ। |
| ६ | २०७२ आषाढ २९ गते मंगलवार, July 14, 2015 | पश्चिम र दक्षिण दिशाकोमात्रै यात्रा गर्नु शुभ छ। |
| ७ | २०७२ आषाढ ३० गते बुधवार, July 15, 2015 | पश्चिम र दक्षिण दिशाकोमात्रै यात्रा गर्नु शुभ छ। |

## साप्ताहिक राशिफल-२०७२ आषाढ २४ देखि आषाढ ३० गतेसम्म।

July 9 to 15 July 2015

वरिष्ठ महिला ज्योतिष भविष्यवक्ता ज्यो. सीता रेग्मी ९८४६११८८१५

**१. मेष**- (चु.चे.चो.ला.लि.लु.ले.लो.अ.)
आज र भोलि दुई दिन त्यति राम्रा छैनन्, आउँदो आइतबारदेखि राम्रो समय शुरु हुने छ।

**२. वृष**- (इ.उ.ऐ.ओ.वा.वि.वु.वे.वो.)
आज आषाढ २४ र भोलि २५ गतेको बेलुकीसम्म रोकिएका सबै काम पूरा हुनेछन्। आषाढ २६ देखि हप्ताभरि मध्यम लाभको रहनेछ।

**३. मिथुन**- (का.की.कु.घ.ङ.छ.के.को.ह.)
यो हप्ता केही काम बन्ने, केही अधूरा रहने जस्तो छ। नगरि नहुने काम पहिला गर्नुहोस्, साधाण कामलाई बिस्तारै गरे पनि फरक पर्ने छैन।

**४. कर्क**- (ही.हु.हे.हो.डा.डि.डू.डे.डो.)
यो हप्ता लाभ भन्दा हानिका सम्भावना ज्यादा छन्। प्रत्येक कार्य गर्दा ज्यादै होस् पुऱ्याउनु पर्ने छ।

**५. सिंह**- (मा.मि.मु.मे.मो.टा.टि.टु.टे.)
स्वास्थ्यलगायत सबै काममा त्यति राम्रो सफलता छैन तैपनि दृढ र कडा अडानका साथ लागि परेमा धेरै जसो काम सफल हुने छन्।

**६. कन्या**- (टो.पा.पी.पु.ष.ण.ठ.पे.पो.)
यो हप्तामा धेरै दिनदेखि रोकिएका काम पूरा हुनेछन्। आज बिहीवार र भोलि शुक्रबार यि दुई दिनको समय ज्यादा सफल रहेका छन्।

**७. तुला**- (रा.री.रु.रे.रो.ता.ति.तु.ते.)
यो हप्तामा यो महिनाभरमा गरि सक्नुपर्ने काम पूरा गर्न सकिने छ तर समयको सही प्रयोग अवश्य गर्नुहोला।

**८. वृश्चिक**- (तो.ना.नि.नू.ने.नो.या.यि.यू.)
तपाईंको लागि यो हप्ता ज्यादा झन्झटपूर्ण रहेको छ। प्रत्येक काममा सतर्क रहनु आवश्यक छ।

**९. धनु**- (ये.यो.भा.भी.भू.ध.फ.ढ.भे.)
जसलाई सहयोग गऱ्यो त्यै व्यक्ति तपाईंको विरोधी हुनेछन्। दिएको नगद फिर्ता लिन धेरै कठिन छ। सबै काममा होस् पुऱ्याउनु होला।

**१०. मकर**- (भो.ज.जी.खि.खु.खे.खो.ग.गी)
तपाईंको लागि यो हप्ता सबै प्रकारले राम्रो छ, स्वास्थ्यलगायत पानीबाट खतरा रहेको छ।

**११. कुम्भ**- (गु.गे.गो.शा.शि.शु.से.सो.द.)
समग्रमा हप्ता सोचे जस्तो सफलता पाइने जस्तो छैन।

**१२. मीन**- (दी.दू.थ.झ.ञ.दे.दो.चा.ची.)
यो हप्तामा तपाईले गर्न खोजेका सम्पूर्ण काममा सफलता मिल्ने छ तर समय, साधन र योग्यता कानून बमोजिम पुऱ्याएरमात्रै काममा जानुहोला।


# सूचना

## ज्योतिष भविष्यवाणी परामर्श केन्द्र



अन्तर्राष्ट्रिय स्वर्णपदक विजेता ज्योतिषी

**सीता रेग्मी काठमाडौंबाट पोखरामा**

**कार्यालय**: विन्ध्ययवासिनी मन्दिर, पोखरा-२, खानेपानी कार्यालयदेखि २ मिनेट तल पैदल। मो. ९८४६११८८१५/यहाँ चिना लेख्ने, लिखित ग्यारेण्टीका साथ ज्योतिष परामर्श दिने र ग्रह शान्ति गराउने व्यवस्था रहेको छ।

**भेट्ने समय**: प्रत्येक दिन बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म। फोनबाट पनि नाम बुकिङ् गर्न सकिने छ।


## दैनिक राहु काल, अशुभ समय

२०७२ आषाढ २४ गते बिहीवार दिनमा १:३० देखि ३ बजेसम्म राहु काल रहनेछ।
२०७२ आषाढ २५ गते शुक्रवार बिहान १०:३० देखि १२ बजेसम्म राहु काल रहनेछ।
२०७२ आषाढ २६ गते शनिवार बिहान ९ देखि १०:३० बजेसम्म राहु काल रहनेछ।
२०७२ आषाढ २७ गते आइतवार बेलुकी ४:३० देखि ६ बजेसम्म राहु काल रहनेछ।
२०७२ आषाढ २८ गते सोमवार बिहान ७:३० देखि ९ बजेसम्म राहु काल रहनेछ।
२०७२ आषाढ २९ गते मंगलवार दिनमा ३ देखि ४:३० बजेसम्म राहु काल रहनेछ।
२०७२ आषाढ ३० गते बुधवार दिनमा १२ देखि १:३० बजेसम्म राहु काल रहनेछ।
(राहुकाल समयमा गरिने कुनै पनि कार्य सफल हुँदैन।)


**संस्थापक/प्रधान सम्पादक/प्रकाशक**-ज्योतिष शिरोमणि अधिवक्ता डा.बलराम उपाध्याय रेग्मी, Mobile : ९८५६०२०९१४, 00977-9856030914, **फोन/फ्याक्स नं.**977-61-540347, **सहायक सम्पादक**: ज्योतिषाचार्य सन्तोष रेग्मी शास्त्री, **सम्वाददाता**: ज्यो.सीता रेग्मी/ **भारत उत्तर प्रदेश संवाददाता**: प्रदीप रेग्मी शास्त्री/मधु रेग्मी शास्त्री, **कानूनी सल्लाहकार**-वरिष्ठ अधिवक्ता श्री प्रेमबहादुर खड्का /पूर्व अध्यक्ष नेपाल वार एशोसिएशन,काठमाडौं/ **आजीवन संरक्षक**-ज्यो.प्रेमकुमारी गुरुङ, **कम्प्युटर सेटिङ**: गण्डकी हाई-टेक प्रा.लि., पोखरा-१ बगर, ०६१-५३७०३६, **कार्यालय**: पो.ब.नं.२०७, पोखरा-२, कास्की, नेपाल।
**E-mail:** jbweekly2055@gmail.com, **Website:** www.jbweekly.com, **Web Hosting:** pokharacity.com, **Skype:** drregmi001, **मुद्रण**: सम्पूर्ण प्रिन्टिङ प्रेस, जरेबर, पोखरा, ९८४६७१२३५७, नेपाल।